# ललितपुर महानगरपालिका

यल महानगरपालिका

# स्थानीय राजपत्र

**ललितपुर महानगरपालिकाद्वारा प्रकाशित**

**वर्ष ८ ललितपुर, श्रावण २८ गते, २०८२ साल, अतिरिक्ताङ्क ४, प्रथम संशोधन**


## भाग - २

## आय ठेक्का सम्बन्धि कार्यविधि, २०८०

**प्रस्तावना**

नेपालको संविधान २०७२ ले स्थानीय तहको अधिकारको सूचि बमोजिम महानगरभित्र कर लगाउन सक्ने प्रावधान अनुसार महानगरपालिका भित्र आयका स्रोतहरु मध्ये महानगरपालिकाबाट जारी आर्थिक ऐनको अधिनमा रही

आफ्नो भोग, चलन एवम् स्वामित्वमा रहेको सम्पत्तिबाट आय सङ्कलन गर्न महानगरपालिकाले आय ठेक्का बन्दोबस्त गर्न ललितपुर महानगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम नगरकार्यपालिकाले आय ठेक्का कार्यविधि २०८० जारी गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **"ललितपुर महानगरपालिका आय ठेक्का कार्यविधि,२०८०"** रहेको छ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा:-

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्दछ ।

(ख) **"कार्यविधि"** भन्नाले आय ठेक्का सम्बन्धी कार्यविधि, २०८० सम्झनुपर्दछ ।

(ग) **"सम्पत्ति"** भन्नाले महानगरपालिकाको स्वामित्वमा रहेको वा लिजमा लिएको वा उपभोग गर्ने अधिकार प्राप्त भएको वा भोगचलनमा रहेको भवन, जग्गा, पोखरी, ताल,

पार्क स्थललगायतका भौतिक तथा अन्य सम्पत्ति सम्झनुपर्दछ ।

(घ) **“सम्पत्ति परिचालन”** भन्नाले महानगरपालिकाको स्वामित्वमा रहेका वा भोगचलनमा रहेका भवन, जग्गा, पोखरी, ताल, पार्क स्थललगायतका भौतिक तथा अन्य सम्पत्तिबाट आय आर्जन वा सम्पत्ति परिचालन वा उपयोगमा ल्याउने कार्य सम्झनुपर्दछ ।

(ङ) **“आन्तरिक आय”** भन्नाले सङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट हुने रकम तथा अन्य विशेष प्रकृतिका अनुदानबाहेक स्थानीय तहलाई संविधानद्वारा प्रदत्त एकल वा साझा अधिकार अर्न्तगत आफ्नो अधिकार क्षेत्रभित्रका वस्तु वा सेवाको माध्यमबाट कानुनबमोजिम सङ्कलन हुने राजस्वलाई आन्तरिक आय सम्झनुपर्दछ ।

(च) **“महाशाखा”** भन्नाले ललितपुर महानगरपालिकाको राजस्व प्रशासन महाशाखालाई सम्झनुपर्छ ।

(छ) **“बोलपत्र”** भन्नाले महानगरपालिकाले आय ठेक्काको लागि प्रकाशन गरेको सूचनाअनुरूप तोकिएको ढाँचामा बोलपत्रदाताले पेस गरेको

मूल्यसमेत खुल्ने गरी तयार भएको कागजात वा प्रस्तावलाई सम्झनुपर्छ ।

(ज) **“प्रस्ताव सम्बन्धी कागजात”** भन्नाले वोलपत्रदाताले मूल्य भरी पेस गर्नका लागि तयार गरिएको लिखतलाई सम्झनुपर्छ ।

(झ) **“कार्यपालिका”** भन्नाले ललितपुर महानगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्दछ ।

(ञ) **“महानगरपालिका”** भन्नाले ललितपुर महानगरपालिका सम्झनुपर्दछ ।

(ट) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ठ) **“आय ठेक्का सम्झौता”** भन्नाले दफा १८ बमोजिमको आय ठेक्का सम्झौता सम्झनुपर्छ ।

(ड) **“धरौटी रकम”** भन्नाले आय ठेक्काको लागि दफा १७ बमोजिम प्रस्तावकले राख्ने जमानत सम्झनुपर्छ ।

## परिच्छेद- २

## आय ठेक्का लगाउनेसम्बन्धी व्यवस्था

**३. आय ठेक्का लगाउने :** (१) प्रत्येक आर्थिक वर्षको लागि महानगरपालिकाबाट जारी हुने आर्थिक ऐनको अधिनमा रही आफ्नो भोग, चलन एवम् स्वामित्वमा रहेको सम्पत्तिबाट आय सङ्कलन गर्न महानगरपालिकाले ठेक्का बन्दोबस्त गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको आय ठेक्का कम्तीमा १ वर्ष देखि बढीमा ५ वर्षसम्म अवधिको हुनेछ ।*

(३) एक वर्ष भन्दा बढी अवधिको लागि ठेक्का लगाउँदा महानगरपालिकाको आन्तरिक आय वृद्धि हुने देखिएमा वा ठेक्का लिनेले निर्माण तथा उत्पादन गरी बिक्री गर्न एक वर्षभन्दा बढी समय लाग्ने भएमा वा पटक-पटक ठेक्का लगाउँदा महानगरपालिकाको प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा पाँच वर्षका लागि कार्यपालिकाबाट निर्णय गरी एकैपटक आय ठेक्का बन्दोबस्त गर्न सक्ने छ ।

(४) महानगरपालिकाको निर्णयद्वारा नयाँ प्रविधि प्रयोग गरी वा आफूसँग विशेषज्ञता नभएको कार्यका लागि

---

* प्रथम संशोधन मिति २०८२/४/२८

आय ठेक्का लगाउदा अधिकतम एक वर्षसम्म परीक्षणका लागि आय ठेक्काको बन्दोबस्त गर्न सक्ने छ ।

(५) बार्षिक आय ५ लाख भन्दा कम भएमा सोझै वार्ताको माध्यमबाट समेत ठेक्का बन्दोबस्त गर्न सकिन्छ ।*

**४. न्यूनतम ठेक्का अङ्क कायम गर्नुपर्ने** : (१) महानगरपालिकाले आय ठेक्का लगाउनु अघि वार्षिक रूपमा प्राप्त हुने आम्दानीको अनुमानित आयको प्रक्षेपण गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको आय प्रक्षेपण गर्दा विभागले देहायका कुराको अध्ययन तथा विश्लेषण गर्नुपर्ने छ :

(क) साधन स्रोतको उपलब्धता,
(ख) साधन स्रोतको परिचालन क्षमता,
(ग) वार्षिक शुल्क, दस्तुर वा बिक्री दरबाट प्राप्त हुने रकम,
(घ) निर्माण गर्नुपर्ने भए निर्माण कार्य सम्पन्न गर्न लाग्ने समय र लागत,
(ङ) ठेक्का लिने पक्षको व्यवसायिक मुनाफा,
(च) चालु आर्थिक वर्षको ठेक्का अङ्क,
(छ) हालको सम्पत्ति तथा दायित्वको मूल्याङ्कन संरचनासहितको अङ्क ।

* प्रथम संशोधन मिति २०८२/४/२८

(३) उपदफा (२) को आधारमा वार्षिक प्राप्त हुने आयको प्रक्षेपण विभाग आफैँले वा स्वतन्त्र बाह्य परामर्शदाता नियुक्त गरी गर्न सक्ने छ ।

(४) उपदफा (३) बमोजिमको आय प्रक्षेपण गरे पश्चात् राजस्व परामर्श समितिको सिफारिसमा आयको न्यूनतम ठेक्का अङ्ग (थ्रेसहोल्ड) कायम हुने छ ।

**५. कार्ययोजना तयार गर्नुपर्ने :** आय ठेक्का प्रक्रिया सुरु गर्नुपूर्व ठेक्का प्रक्रियाको अवधि, आय असुली तालिका र आय ठेक्काको वार्षिक किस्ता रकम दाखिला तालिका समेतको कार्ययोजना महाशाखाले तयार गर्ने छ । त्यस्तो तालिका र कार्ययोजना आय बन्दोबस्त सम्झौताको अभिन्न अंग हुने छ ।

**६. आय ठेक्कासम्वन्धी कागजात तयार गर्नुपर्ने :** (१) दफा (४) र (५) को कार्य सम्पन्न भएपश्चात् महाशाखाले आय ठेक्कासम्बन्धी कागजात तयार गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको कागजात तयार गर्दा न्यूनतम ठेक्का अङ्ग, ठेक्काका सामान्य तथा विशेष सर्तहरू, सूचनामा

उल्लेख गरिनुपर्ने विषय तथा अन्य आवश्यक विवरणहरूसमेत समावेश गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत हुने छ ।

(३) उपदफा (२) बमोजिमको कागजात स्वीकृत भए पश्चात् महाशाखाले आय ठेक्का प्रक्रिया अघि बढाउने छ ।

(४) बोलपत्रमा अन्य व्यवस्थाका अतिरिक्त मूल्याङ्कनका आधारहरू, प्रस्ताव बापतको जमानत, कार्य सम्पादन जमानत, सबलिजको व्यवस्था, आसय र सम्झौताको अवधि आय ठेक्का प्रस्ताव तयार गर्दा सम्बन्धित महाशाखाले समावेश गरी स्वीकृत

गर्नुपर्नेछ ।

**७. आन्तरिक राजस्व कार्यालयमा दर्ता हुनुपर्ने :** आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र प्राप्त, चालु आ.व. सम्मको कर चुक्ता गरेको प्रमाण-पत्र, महानगरपालिकालाई तिर्नु/बुझाउनुपर्ने कुनै कर तथा दायित्व बाँकी नरहेको र कालो सूचीमा नपरेको व्यक्ति, फर्म, संस्था वा कम्पनीले प्रतिस्पर्धा गर्न पाउने गरी आय ठेक्काको सूचना प्रकाशित गनुपर्ने छ ।

**८. आय ठेक्का सम्बन्धी प्रक्रिया पूरा गर्नुपर्ने :** (१) दफा ७ बमोजिम सार्वजनिक सूचना प्रकाशित गर्दा महानगरपालिकाले आय ठेक्का लगाउने अनुमानित रकमाङ्क बिस लाख रुपैंयाँसम्मको भए पन्ध्र दिनको, बिस लाख भन्दा बढी एक करोड रुपैंयाँसम्मको भए एक्काइस दिनको र एक करोड रुपैंयाँभन्दा बढी जतिसुकै भएमा कम्तीमा तिस दिनको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक रूपमा प्रकाशन गर्ने छ ।

(क) दफा १ बमोजिम कुनै बोलपत्र नपरेमा वा अस्वीकृत भएमा अर्को १५ दिने सूचना पुनः प्रकाशित गरिनेछ । दाश्रो पटक पनि पेश हुन नआएमा तश्रो पटकको लागि ७ दिने सूचना प्रकाशित गर्नु पर्नेछ । तेश्रो पटक पनि पेश हुन नआएमा दररेटमा पुनरावलोकन गरी पुनः सूचना प्रकाशन गरी बहाल लगाउन सकिनेछ ।*

(ख) माथिका दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि महानगरको कार्यालय हाता भित्रको क्यान्टिन बहाल लगाउने सम्बन्धमा महानगरपालिकाले तोके बमोजिम खाजा र खानाको दररेटलाई आधार मानि प्रतिष्पर्धाको माध्यमबाट पानी, बिजुली बाहेक निःशुल्क बहालमा संचालन गर्न बाधा पर्ने छैन ।*

(२) उपदफा (१) बमोजिमको सार्वजनिक सूचनामा अन्य आवश्यक कुराका अतिरिक्त देहायका कुराहरू समेत खुलाउनुपर्ने छ :

(क) साबिकमा ठेक्का लगाएको भए सोको विवरण,

(ख) ठेक्काका मुख्य-मुख्य सर्तहरू,

* प्रथम संशोधन मिति २०८२/४/२८

(ग) स्रोतगत र स्थानगत आय सङ्कलन गर्नुपर्ने भएमा सोको विवरण,

(घ) सम्झौता बमोजिमको आय बुझाउनुपर्ने समय र छुट तथा सञ्चालन खर्च दिने सर्त भए सो कुरा,

(ङ) प्रस्ताव फाराम प्राप्त हुने स्थान,

(च) प्रस्ताव पठाउने तरिका,

(छ) प्रस्ताव बापत लाग्ने दस्तुर र प्रस्ताव जमानत,

(ज) प्रस्ताव दाखिला गर्नुपर्ने अन्तिम मिति र समय,

(झ) प्रस्ताव खोलिने समय, मिति र स्थान,

(ञ) कार्यसम्पादन जमानतबापत राख्नुपर्ने रकम र बैङ्क ग्यारेन्टीको किसिम र मान्य अवधि,

(ट) स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण-पत्र प्राप्त, चालु आ.व.सम्मको करचुक्ता गरेको प्रमाण-पत्र, महानगरपालिकालाई तिर्नु/बुझाउनुपर्ने कुनै कर तथा दायित्व बाँकी नरहेको र कालो सूचिमा नपरेको व्यक्ति, फर्म, संस्था वा कम्पनीले प्रस्ताव पेश गर्न सक्ने बेहोरा,

(ठ) अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई आधार मान्ने बेहोरा,

(ङ) अन्य आवश्यक कुराहरू।

(३) उपदफा (२) को खण्ड (छ) बमोजिम प्रस्ताव फारामको दस्तुर महानगरपालिकाले तोकेबमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान गर्दा कुनै प्रस्ताव पेस हुन नआएमा वा रीतपूर्वकको एउटा पनि प्रस्ताव प्राप्त हुन नआएमा वा अनुमानित ठेक्का अङ्गभन्दा कम कबोल अङ्गको प्रस्ताव प्राप्त भएमा सुरु सूचना म्यादको कम्तीमा आधा समय उल्लेख गरी पुनः सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको सूचना प्रकाशन गर्दासमेत कुनै प्रस्ताव नपरेमा कम्तीमा सात दिनको समय दिई उपदफा (२) बमोजिमको सूचनामा देहायको कुराहरू थप गरी सार्वजनिक बढाबढको सूचना प्रकाशन गर्नुपर्ने छ :

(क) बढाबढ हुने स्थान, समय र मिति,

(ख) महानगरपालिकाले आवश्यक ठानेका अन्य कुराहरू।

(६) उपदफा (१) र (५) बमोजिम प्रकाशित सूचना बमोजिम प्रस्ताव दिने वा बढाबढमा भाग लिने व्यक्ति/फर्म/कम्पनीले आफूले कबुल गरेको अङ्गको कम्तीमा दश प्रतिशत रकम महानगरपालिकाले तोकेको बैङ्कमा प्रस्ताव बापतको जमानत रकम जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्ने छ।

(७) यस कार्यविधि बमोजिम जफत हुने अवस्थामा बाहेक उपदफा (६) बमोजिम राखिएको जमानतबापतको रकम सो जमानत राख्ने व्यक्ति वा संस्थाले दिएको प्रस्ताव वा बढाबढ प्रक्रियामा भाग लिने कुनै व्यक्तिको प्रस्ताव अस्वीकृत भएमा सो अस्वीकृत भएको मितिले ३५ दिनभित्र सम्बन्धित व्यक्ति/फर्म/कम्पनीलाई फिर्ता गर्नुपर्ने छ ।

(८) यस कार्यविधिमा उल्लेख भएको प्रक्रिया पूरा नभई प्राप्त भएका प्रस्ताव वा बढाबढमा भाग लिने व्यक्ति, फर्म वा कम्पनीबाट पेस गर्नुपर्ने कागजातहरू समय भुक्तान भई आएमा वा सूचनामा उल्लेख भए बमोजिमका सर्त पूरा नगरी प्राप्त भएमा त्यस्ता प्रस्ताव वा बढाबढ उपर कुनै कारबाही गरिने छैन ।

**९. प्रस्ताव खोल्नुपर्ने** : (१) महानगरपालिकाले कार्यालयमा प्रस्ताव पेस गर्न तोकिएको अन्तिम दिनको समय भुक्तान भएपश्चात् प्राप्त सिलबन्दी प्रस्तावहरू प्रस्तावदाता/प्रतिनिधिको रोहबरमा खोली मुचुल्का बनाई राख्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव खोल्ने दिन प्रस्तावदाता/प्रतिनिधि उपस्थित नभएको मात्र कारणले प्रस्ताव खोल्न बाधा पुगेको मानिने छैन ।

**१०. प्रस्तावको मूल्याङ्कन गर्नुपर्ने** : (१) प्राप्त प्रस्ताव वा बढाबढको मूल्याङ्कन गरी प्रतिवेदनसहित सिफारिस गर्न महानगरपालिकाको सार्वजनिक खरिद नियमावलीमा भएको

व्यवस्था बमोजिमको मूल्याङ्कन समितिमा पेस गर्नुपर्ने छ। उक्त मूल्याङ्कन समितिमा राजस्व महाशाखा प्रमुख र आयठेक्का लगाउनुपर्ने विषय वा कार्यक्षेत्रसँग सम्बन्धित कार्यालयको प्रमुखलाई समितिको सदस्यमा आमन्त्रित गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन समितिले प्राप्त प्रस्तावको यथाशीघ्र मूल्याङ्कन गरी सिफारिस सहितको प्रतिवेदन तयार गरी प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेस गर्नुपर्ने छ।

(३) यस दफाबमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा ठेक्काका सर्तहरू पूरा गरी प्राप्त भएका प्रस्तावहरूमध्ये सबैभन्दा बढी अङ्क कबोल गर्ने प्रस्तावदाताको प्रस्तावलाई स्वीकृतीका लागि मूल्याङ्कन समितिले सिफारिस गर्नुपर्ने छ।

(४) उपदफा (३) बमोजिम प्रस्तावको मूल्याङ्कन पश्चात् महानगरपालिकाले स्वीकृतिको लागि छनोट भएको प्रस्तावदातालाई ७ (सात) दिनको अवधि तोकी प्रस्ताव स्वीकृत गर्ने आशयको सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने छ। आशयको म्याद समाप्त भएको १५ दिन भित्र आय ठेक्का सम्झौता गरि सक्नुपर्नेछ।

(५) अन्य कारणले उपदफा (४) मा उल्लिखित अवधिभित्र सम्झौता गर्न सक्ने अवस्था नभएमा आधार र

कारण खोली प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनुपर्नेछ ।

(६) आय ठेक्काको सर्तभित्र संरचना निर्माण गर्नुपर्ने भए सोको डिजाईन, स्पेसिफिकेसन, भवन संहिता, कार्य क्षेत्रगत सर्तहरूमा उल्लेख भए/नभएको परीक्षण गर्नुपर्नेछ ।

(७) मूल्याङ्कन समितिको अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) मूल्याङ्कन समितिले राजस्व तथा आयसँग सम्बन्धित सरकारी वा गैरसरकारी क्षेत्रका विशेषज्ञ वा जानकारलाई विषय विज्ञका रूपमा बैठकमा आमन्त्रण गरी राय परामर्श लिन सक्ने छ ।

(ख) आय ठेक्काको मूल्याङ्कनका लागि परामर्शदाताको सहयोग आवश्यक भएमा स्वीकृत कार्यक्रम र बजेटको अधीनमा रही सार्वजनिक खरिद ऐन तथा नियमावलीको कार्यविधि अपनाई परामर्शदातालाई नियुक्त गर्न सक्ने छ ।

(ग) मूल्याङ्कन समितिलाई आय प्रस्ताव मूल्याङ्कन गर्ने काममा आफूलाई सहयोग गर्न राजस्वसँग जानकार व्यक्तिको उपसमिति गठन गर्न सक्ने छ ।

(घ) मूल्याङ्कन समितिका सदस्य-सचिवले समितिको बैठकको निर्णय पुस्तिका तयार गरी राख्नुपर्ने छ र समितिमा छलफल भएका सम्पूर्ण विषयको फाइल खडा गरी राख्नुपर्ने छ ।

(ङ) मूल्याङ्कन समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने छ ।

**११. अङ्क र अक्षरमा फरक परेमा :** (१) कुनै प्रस्तावदाताले पेस गरेको प्रस्तावमा अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई आधार मानेर मूल्याङ्कन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको बेहोरा प्रस्ताव कागजात र सार्वजनिक सूचनामा पनि उल्लेख गर्नुपर्ने छ ।

## परिच्छेद- ३
## आय ठेक्का स्वीकृति तथा कबुलियतनामा सम्बन्धी व्यवस्था

**१२. आय अनुमान स्वीकृत गर्ने:** (१) नियम बमोजिम तयार भएको आय ठेक्काको आय अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनुपर्नेछ :

(क) वार्षिक दश करोडसम्मको प्रमुख प्रशासकीय अधिकृतबाट,

(ख) वार्षिक दश करोडभन्दा बढीको प्रमुखबाट,

(२) महानगरपालिकाको सम्पत्ति प्रयोग गरी दीर्घकालीन असर पर्ने खालको संरचना तयार गरी आर्य-

आर्जन गर्ने प्रकृतिका आय ठेक्काको आय अनुमानको स्वीकृति कार्यपालिकाबाट गर्नु पर्ने छ ।

**१३. आय ठेक्का स्वीकृत गर्ने** : (१) आय ठेक्काको स्वीकृती देहायबमोजिम हुने छ :

(क) पन्ध्र करोडसम्मको बोलकबोल भएको प्रमुख प्रशासकीय अधिकृतबाट,

(ख) पन्ध्र करोडभन्दा माथिको बोलकबोल भएको प्रमुखबाट,

(२) महानगरपालिकाको सम्पत्ति प्रयोग गरी दीर्घकालीन असर पर्ने खालको संरचना तयार गरी आर्य-आर्जन गर्ने प्रकृतिको आय ठेक्काको स्वीकृती कार्यपालिकाबाट गर्नुपर्ने छ ।

**१४. आय ठेक्का स्वीकृत आशयको सूचना प्रकाशित गर्नुपर्ने** : आय ठेक्काको प्रस्ताव मूल्याङ्कनपश्चात् महानगरपालिकाले स्वीकृतिको लागि छनोट भएको बोलपत्रदातालाई ७ दिनको अवधि तोकी प्रस्ताव वा प्रस्ताव स्वीकृत गर्ने आशयको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने छ ।

**१५. कबुलियतनामा गर्नुपर्नेः** आय ठेक्का सम्झौता गर्नुपूर्व वोलपत्रदाताले अनुसूची १ बमोजिमको आय कबुलियतनामा भर्नु पर्नेछ ।

## परिच्छेद- ४
## पुनरावलोकन सम्बन्धी व्यवस्था

**१६. पुनरावलोकनको निवेदन दिन सकिने**: (१) महानगरपालिकाले दफा १४ बमोजिम आय ठेक्का स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएको ७ दिनभित्र कुनै प्रस्तावदाताले पुनरावलोकन गरी पाऊँ भनी प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा ५ दिनभित्रमा प्रमुख प्रशासकीय अधिकृतले पुनरावलोकनको निर्णय गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिमको निवेदन नपरेमा यस कार्यविधि बमोजिम छनौट भएको प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी १५ दिनभित्रमा आय सम्झौता गर्नका लागि आय जमानत दाखिला गर्न सूचना दिनुपर्ने छ ।

**१७. आय जमानत पेस गर्नुपर्ने** : (१) सम्झौता गर्नु पूर्व बोलपत्रदाताले बार्षिक कबुल अंकको शतप्रतिशत बैंक ग्यारेन्टी वा नगर्द महानगरपालिकाले तोकेको बैंकमा जम्मा गर्नु पर्नेछ । तर पाँच लाख भन्दा कम बार्षिक आय हुने साना खालका पसल कवलहरुको हकमा बार्षिक कवुल अंकको २५ प्रतिशत अर्थात ३ महिना बरावरको रकम बैंक जमानत वा नगर्द जम्मा गरेमा सम्झौता गर्न बाधा पर्ने छैन ।*

* प्रथम संशोधन मिति २०८२/४/२८

(२) आय ठेक्का जमानत नगदै धरौटी राख्ने प्रस्तावदाताले सम्झौता बमोजिमको कार्यतालिका बमोजिम निजले धरौटीबाट नै कट्टा गर्न चाहेमा र धरौटी रकमबाट कट्टा गर्दा पुग्ने भएमा कट्टा गर्न सकिने छ । तर धरौटीबाट कट्टा गर्ने वा नगर्ने भन्ने विषय महानगरपालिकाको निर्णयबाट निर्धारित हुनेछ ।

**१८. आय ठेक्काको सम्झौता गर्नुपर्ने :** (१) अधिकार प्राप्त अधिकारीबाट यस कार्यविधिबमोजिम आय ठेक्का स्वीकृत भएपछि राजस्व प्रशासन महाशाखाले सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिम ठेक्का स्वीकृत भएको प्रस्तावदाताले सम्झौता गर्न आउने सम्बन्धी सूचना पाएको मितिले ७ (सात) दिनभित्रमा सम्झौता गर्न नआएमा दोस्रो बढी ठेक्का रकम कबोल गर्ने प्रस्तावदातालाई सम्झौता गर्न सूचना पठाउनुपर्ने छ ।

(३) यस दफाबमोजिम सम्झौताका लागि सूचना दिइएको प्रस्तावदाता सम्झौता गर्न नआएमा त्यस्तो प्रस्तावदाताले प्रस्तावबापत जम्मा गरेको जमानत रकम जफत गरी महानगरपालिकाको राजस्व खातामा दाखिला गर्नुपर्ने छ ।

(४) यस दफाबमोजिम ठेक्का सम्झौता गर्दा प्रचलित कानुनले तोकेको सर्त खुलाई नेपाली भाषामा गर्नुपर्ने छ । यदि सम्झौताको पक्ष विदेशी भएमा वा आय ठेक्का अन्तर्राष्ट्रिय स्तरको प्रस्ताव आह्वान गरी भएको

अवस्थामा भने नेपाली र अङ्ग्रेजी दुवै भाषामा गर्न सकिने छ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि आय ठेक्काको सम्झौतामा अग्रीम रूपमा कर बुझाउने सर्त उल्लेख गर्न बाधा पुगेको मानिने छैन । यदि अग्रीम कर बुझाउनुपर्ने व्यवस्था गर्ने हो भने सो बेहोरा सम्बद्ध प्रस्ताव र बढाबढसम्बन्धी कागजातमा समेत उल्लेख गर्नुपर्नेछ ।

(६) यस दफाबमोजिम सम्झौता भएपछि प्रस्तावदातालाई आय सङ्कलनको कार्यादेश महाशाखाले दिने छ ।

**१९. प्रस्ताव मान्य हुने अवधि :** (१) महानगरपालिकाले प्रस्ताव सम्बन्धी कागजातमा प्रस्ताव मान्य हुने अवधि उल्लेख गर्दा देहाय बमोजिमको अवधि उल्लेख गर्नुपर्ने छ :

(क) एक करोड रुपैंयाँसम्म न्यूनतम अङ्क कायम भएको प्रस्तावको लागि प्रस्ताव बुझाउन तोकिएको अन्तिम मितिबाट-एक सय बिस दिन

(ख) एक करोड रुपियाँभन्दा जतिसुकै बढी न्यूनतम अङ्क कायम भएको बोलपत्रको लागि प्रस्ताव बुझाउन तोकिएको अन्तिम मितिबाट-एक सय पैंतालिस दिन

(२) कुनै कारणवश उपदफा (१) बमोजिमको म्यादभित्र आय ठेक्काको सम्झौता गर्न नसकेमा रित पुगेका सबै प्रस्तावदाताहरूलाई प्रस्तावको मान्य हुने अवधि थप गर्न पत्र पठाउनुपर्ने छ । यसरी म्याद बढाउँदा जमानतको अवधि थप गराएका बोलपत्रहरूलाई मात्र मान्यता दिइने छ ।

## परिच्छेद- ५
## आय ठेक्का सञ्चालनसम्बन्धी व्यवस्था

**२०. आय ठेक्का रकमको किस्ता बुझाउने तरिका :** (१) प्रस्तावदाताले महानगरपालिकालाई तिर्नु/बुझाउनुपर्ने आय रकम सम्झौतामा उल्लेख भएबमोजिम अग्रीम रूपमा बुझाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम अग्रीम रूपमा बुझाउनुपर्ने आय रकमको किस्ता नबुझाएमा सम्झौता भङ्ग भएको मानी बुझाउनुपर्ने आय किस्ता असुलीको कारबाही अगाडि बढाउने छ र अर्को ठेक्का प्रक्रिया तत्काल अगाडि बढाउनुपर्ने छ ।

(३) सम्झौता बमोजिम वार्षिक रूपमा महानगरपालिकालाई तिर्नु/बुझाउनुपर्ने किस्ता रकम अग्रीम रूपमा बुझाएमा किस्ता रकमको दश प्रतिशतसम्म नगरकार्यपालिकाबाट निर्णय भएबमोजिम छुट हुन सक्ने छ ।

यसरी उपलब्ध हुने छुटको प्रतिशत प्रस्ताव सम्बन्धी कागजातमा नै उल्लेख गरेको हुनुपर्ने छ ।

**२१. आय ठेक्का रद्द हुनसक्ने :** (१) आय ठेक्काको सम्झौतामा उल्लेखित कुनै सर्तको बर्खिलाप हुने कुनै कार्य गरेमा वा त्यस्तो सर्तबमोजिम गर्नुपर्ने कुनै काम नगरेमा बाहेक यस कार्यविधि बमोजिम एकपटक सम्झौता भइसकेपछि ठेक्काको अवधि भुक्तान नहुँदै जिम्मेवारीबाट अलग हुन वा ठेक्का छोड्न हुँदैन ।

(२) कुनै प्रस्तावदाताले महानगरपालिकाले तोकेको दरभन्दा बढी दरमा रकम असुल गरेमा वा सम्झौतामा उल्लेख नभएका मालवस्तुवाट रकम असुल गरेमा त्यस्तो रकम महानगरपालिकाले सम्बन्धित व्यक्तिलाई फिर्ता गरी सोही रकम बरावरको जरिवाना थप गरी ठेकेदारबाट त्यस्तो रकम असुलउपर गर्नुपर्ने छ ।

(३) उपदफा (२) बमोजिमको कार्य पुनः दोहोरिएमा त्यस्तो ठेकेदारसँगको ठेक्का रद्द गरी धरौटी रकमसमेत जफत गरिने छ । यसरी धरौटी जफत गर्दा पनि नयाँ ठेक्का गर्दा साबिकको रकमभन्दा कम रकम प्राप्त भएमा र नयाँ ठेक्का लगाउँदा लागेको रकम असुलउपर नभएमा सरकारी बाँकीसरह असुलउपर गरी ठेकेदारको नाम कालोसूचीमा राखी अन्य स्थानीय तहहरू र सङ्घीय तथा प्रदेश सरकारलाई समेत त्यस्तो ठेकेदारको विवरण उपलब्ध गराउने छ ।

(४) उपनियम (३) बमोजिम ठेक्का तोडिएकोमा सोही आर्थिक वर्षको बाँकी अवधिको निमित्त ठेक्का सकार गर्ने कुनै व्यक्ति वा फर्म प्राप्त भएमा कार्यपालिकाको निर्णयअनुसार साबिकको ठेक्काको दर र असुली कार्यतालिकाबमोजिम रकम असुल गर्ने गरी ठेक्का दिन सकिने छ ।

(५) उपनियम (३) बमोजिम ठेक्का रद्द भएकोमा त्यसबाट महानगरपालिकालाई भएको नोक्सानी र महानगरपालिकाले ठेकेदारबाट रकम लिनुपर्ने बाँकी भएमा त्यसको दश प्रतिशत ब्याजसमेत सो ठेकेदारले राखेको जमानतबाट असुल गर्नुपर्ने छ । सोबाट असुल नभए निजबाट सरकारी बाँकीसरह असुलउपर गरिने छ । तर आफ्नो काबुबाहिरको परिस्थिति परी ठेकेदारले सो ठेक्काको काम गर्न नसकेको रहेछ भने आर्थिक ऐनको व्यवस्थाबमोजिम असुल गर्नुपर्ने रकममध्ये उपयुक्त रकम छुट दिन सक्ने छ ।

(६) महानगरपालिकाले ठेक्का बन्दोबस्त गरी ठेकेदारसँग गरेको सम्झौतामा उल्लिखित कुनै सर्तको उल्लङ्घन गरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छुटाएमा महानगरपालिकाले त्यसबाट ठेकेदारलाई भएको हानीनोक्सानी बेहोर्नुपर्ने छैन ।

**२२. बाँकी बक्यौता रकम असुल गर्नुपर्नेः** (१) महानगरपालिकाले विभिन्न कारणबाट असुल हुन नसकी

बाँकी रहेको बक्यौता रकम असुल गर्न बक्यौता असुली कार्ययोजना बनाई रकम असुलउपर गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम असुल गर्नुपर्ने रकम असुलीको लागि महानगरपालिकाले तोकिएको मितिसम्म बुझाउनुपर्ने रकम दाखिला गर्नू भनी पत्राचार गर्नुपर्ने छ।

(३) पत्राचार गरिएको समयसीमाभित्र रकम दाखिला नगरेमा निजले गरिरहेको कार्य तत्काल बन्द गर्न लगाई भौतिक सम्पत्ति भए सो स्थान सिलबन्दी गर्नुपर्ने छ र सो कार्यको लागि महानगर प्रहरी वल, स्थानीय प्रशासन, नेपाल प्रहरी, नागरिक समाज वा अन्य व्यक्तिको समेत महानगरपालिकाले सहयोग लिन सक्ने छ।

(४) उपदफा (२) बमोजिम सहयोग प्राप्त भई बक्यौता रकम असुली भएमा सम्बन्धित व्यक्ति वा संस्थालाई महानगरपालिकाले कार्यपालिकाको निर्णयअनुसारको रकम पुरस्कार तथा सम्मानस्वरूप उपलब्ध गराउन सक्ने छ।

(५) उपदफा (१), (२) र (३) बमोजिमको प्रक्रियाबाट पनि रकम असुलउपर हुन नसकेमा महाशाखाले सरकारी बाँकी सरह रकम असुलउपर गर्नुपर्ने छ।

## परिच्छेद- ६
## विविध

**२३. विवरण माग गर्नुपर्ने :** महानगरपालिका अर्न्तगतका महाशाखा, शाखा, आयोजना, वडा कार्यालय तथा अन्य

एकाइहरूले आफ्नो कार्यालय भवनको केही भागहरू, जग्गा वा अन्य सम्पत्ति आय ठेक्कामा लगाउनुपर्ने भएमा सोसम्बन्धी विवरण हरेक आर्थिक वर्ष समाप्त हुनुभन्दा ३ महिना अघि नै राजस्व महाशाखामा पठाउनुपर्ने छ ।

**२४. प्रचलित कानुनबमोजिम हुने** : यस कार्यविधिमा लेखिएका कुरा यसैबमोजिम र यसमा नलेखिएका कुराको हकमा प्रचलित कानुनमा भएको व्यवस्थाबमोजिम हुने छ ।

**२५. अन्य स्थानीय सरकारसँग साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्ने**: महानगरपालिकाले जडीबुटी, कवाडी र जीवजन्तुजस्ता एकीकृत रूपमा कर सङ्कलन गर्ने उद्देश्यले कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोतसाधनको अधिकतम उपयोग वा प्रभावकारी सेवाप्रवाह हुने देखिएमा अन्य स्थानीय सरकारसँगको साझेदारी वा संयुक्त व्यवस्थापनमा आय ठेक्का लगाउन सकिने छ ।

**२६. बाधा अड्काउ फुकाउने अधिकार :** (१) यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार कार्यपालिकालाई हुने छ ।

(२) उपदफा (१) बमोजिमको अधिकारको प्रयोग गर्दा ऐन र यस कार्यविधिको मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिने छ ।

# अनुसूची- १

(दफा १५ सँग सम्बन्धित)

## कबुलियतनामाको ढाँचा

लिखितम.......... को नाति ............ को ............ छोरा ....... बस्ने वर्ष ... को आगे तपसिलबमोजिमको सर्तमा तपसिलबमोजिम क्षेत्रमा महानगरपालिकाको रकम ठेक्का बन्दोबस्त गर्ने गरी यस महानगरपालिकाबाट आह्वान गरिएको मिति ........... सूचना नं. ........... अनुसार तपाईंसमेतले दिनुभएको प्रस्ताव/बढाबढको बेहोरा पेस हुँदा आर्थिक वर्ष................. को रु. .............. मा ठेक्का दिने गरी तपाईंसँग ठेक्का बन्दोवस्त गर्न मिति ......................... मा यस महानगरपालिका .............बाट निर्णय भएको हुँदा सो निर्णयानुसार तपसिलको सर्त, बन्देज तथा दायित्वबमोजिमका स्रोतबाट तपसिलबमोजिमको क्षेत्रमा महानगरपालिकाको तर्फबाट आय सङ्कलन गर्ने ठेक्काको कबुलियत गर्न मन्जुरी भई आउनुभएको हो, होइन भनी आज मलाई यस महानगरपालिकाबाट सोधनी हुँदा मेरो चित्त बुझ्यो। यसमा तपसिलमा लेखिएको सर्तबमोजिम कामकाज गर्ने गरी कबुलियत गर्न मन्जुरी भई उपस्थित भएको छु। तपसिलमा लेखिएबमोजिमको सर्तमा कुनै घटीबढी नपारी कामकाज गरी तपसिलमा लेखिएबमोजिमको मितिभित्र महानगरपालिकालाई ............ किस्ताको रकम/एकमुष्ट रु. ..............बुझाई मिति ................ देखि मिति

.................... सम्म ............... आर्थिक वर्षको निमित्त ठेक्का कार्यान्वयन गर्ने छु। पछि मैले कुनै कुरामा उजूरबाजुर गर्ने गराउने छैन, गरे/गराएमा यसै कागजातबाट बदर गरिदिनु भनी मेरो मनोमानी खुसीराजीसँग रकम चलनको कबुलियत लेखी ललितपुर महानगरपालिकामा चढाएँ ।

## तपसिल

१. आर्थिक वर्ष ............. को रु. .......... आर्थिक वर्ष ...... को रु. ............ आर्थिक वर्ष ............. को रु. .......... समेत गरी जम्मा रु............. को ठेक्का रकम प्रतिकिस्ता रु. ............ का दरले जम्मा ........... किस्तामा देहायको म्यादभित्र किस्ता रकम बुझाउने गरी ............. साल .......... गतेदेखि.................. सालसम्म प्रचलित कानुनको अधीनमा रही ललितपुर महानगरपालिकाको आय सङ्कलन गर्ने छु ।

२. उक्त आय सङ्कलन गर्नका निमित्त महानगरपालिकाको क्षेत्रभित्रका यसैसाथ संलग्न सूचीका मालवस्तु/सेवामा सोही सूचीमा तोकिएको दरमा सेवा शुल्क सङ्कलन/बिक्री गरी आय सङ्कलन गरी ललितपुर महानगरपालिकालाई किस्ता रकम बुझाउने छु । यसरी आय सङ्कलन गर्दा सेवाग्राहीलाई दिइने भर्पाई रसिद यसै महानगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्ने छु ।

३. आय सङ्कलन गर्न ललितपुर महानगरपालिकाबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दरबाहेक अन्य कुनै किसिमको सेवा शुल्क वा दैदस्तुर इत्यादि लगाई लिइने छैन र यस महानगरपालिकाबाट प्रमाणित गरिएबाहेकका रसिदहरू प्रयोग गरी आय सङ्कलन गरिने छैन । यदि कुनै त्यस्तो अनधिकृत रकम असुलउपर गरेको वा अनधिकृत रसिद प्रयोग गरेको महानगरपालिकाबाट अनुगमन हुँदा पाइएमा नियमानुसार कारबाही र सजाय भएमा मलाई मन्जुर छ । मैले यस रकमवापत बुझाउनुपर्ने देहायको पहिलो किस्ता पट्टा कबुलियत भएका दिन आजै बुझाउनुपर्ने रु........... सूचनामा उल्लेख भएको महानगरपालिकाको बैङ्क खातामा जम्मा गरेको नगद बैङ्क भौचर यसैसाथ संलग्न गरेको छु ।

४. अन्य किस्ताको हकमा तोकिएको मिति ............ भित्र यस ललितपुर महानगरपालिकामा बुझाउँदै जाने छु ।

५. यो आय सङ्कलन ठेक्का कबुलियत गरी चलनपूर्जी लिनको लागि कुल ठेक अङ्क रु. ............ बराबरको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त “क” वर्गको वाणिज्य बैङ्कको मिति ........... सम्म म्याद रहेको परफरमेन्स वण्ड/नगद ललितपुर महानगरपालिकाका...................... ........... बैङ्कमा रहेको खाता नं. ............... मा नगदै दाखिला गरेको बैङ्क भौचर संलग्न गरेको छु ।

६. अन्य आवश्यक कुरा केही भएमा ....................

ठेकेदारको नाम थर :

दस्तखत :

ठेगाना :

स्थायी लेखा नम्बर

ना.प्र. नं.

महानगरपालिका राजस्व प्रशासन महाशाखाको तर्फबाट

दस्तखत

पद :

साक्षीको विवरण :

(१) नाम, थर, ठेगाना र दस्तखतः

(२) नाम, थर, ठेगाना र दस्तखतः

*इति संवत् ............. साल............. गते रोज ................... शुभम् ।*

प्रमाणीकरण
२०८२/४/२८

आज्ञाले
रेखा दास श्रेष्ठ
प्रमुख प्रसाशकीय अधिकृत